नेपाल भेटेरनरी एशोशिएशनको

दशौं राष्ट्रिय सम्मेलन

(१५-१७ चैत्र २०६८)

प्रज्ञा भवन कमलादी, काठमाण्डौ

**<u>प्रेस विज्ञप्ती</u>**

**२०६८।१२।१७**

“पशु, मानव तथा वातावरण सुरक्षणको लागि भेटेरिनरीयन” (Veterinarians for Safeguarding Animal, Human and Environment) भन्ने सन्देशका साथ यही २०६८ चैत्र १५ गते सम्माननीय प्रधानमन्त्री डा. बाबुराम भट्टराईज्यूबाट समुद्घाटन भई चैत्र १७ गते सम्पन्न भयो । विशेष अतिथिको रुपमा विश्व भेटेरिनरी एशोसिएसनका अध्यक्ष डा. केचरिड फाउजीको उपस्थिति रहेको थियो । सम्मेलनमा स्वदेश तथा विदेशमा रहनु भएका करिव ४५० जना भेटेरिनरी डाक्टरहरुको सहभागिता थियो । उक्त राष्ट्रिय सम्मेलनमा ६० भन्दा बढि बैज्ञानिक कार्यपत्रहरुको प्रस्तुति, छलफल तथा अन्तरक्रिया भयो । उक्त कार्यपत्रहरुमा पशु तथा पशुजन्य पदार्थको उत्पादन तथा उत्पादकत्व वृद्धि, राष्ट्रिय माग र आपुर्ति व्यवस्थापन, पशुजन्य पदार्थको गुणस्तर कायम, पशुपंक्षि विकासको राष्ट्रिय नीति निर्माण; गरिबी निवारण तथा आय आर्जनको लागि सर्वसाधारणमा भेटेरिनरी सेवाको पहुंच पुऱ्याउने अवधारणा अन्तराष्ट्रिय जगतमा भए गरेका भेटेरिनरी विज्ञानका उपलब्धि र तिनको उपयोगिता तथा मुलुकले भोगेका अन्य पेशागत समस्याहरुमा केन्द्रित थिए । त्यसै गरी सोही सम्मेलनको वन्द शत्रले एशोसिएसनको विधानमा पनि केही परिमार्जन गरेको छ । उक्त सम्मेलनबाट डा. विमल कुमार निर्मलज्यूको अध्यक्षतामा १३ सदस्सीय कार्यकारिणी समितिको निर्विरोध रुपमा चयन पनि गऱ्यो । उपाध्यक्षमा डा. वंशी शर्मा, महासचिवमा डा. सितलकाजी श्रेष्ठ, सचिवमा डा. जीवन अधिकारि, कोषाध्यक्षमा डा. हरी प्रसाद सुवाल, प्रधान सम्पादकमा डा. पिताम्बर सिंह कुशवाहा, केन्द्रिय सदस्यहरुमा डा. मुकुल उपाध्याय, डा. सिता आचार्य र क्षेत्रीय सदस्यहरुमा क्रमशः डा. लेखराज दाहाल, डा. मोगल प्रसाद साह, डा. अशेष भट्टराई, डा. तपेन्द्र प्रसाद बोहरा र डा. हेमराज अवस्थी निर्वाचित हुनु भयो ।